# मुसहर बस्तीमा भएको पुलिस दमन घटनाको अवस्था प्रतिवेदन

**घटना भएको स्थानः** गौशाला गाविस वडा नं. २, मुसहर वस्ती (ईलाका प्रहरी चौकी भन्दा ४०० मीटरको दुरीमा)

, जिल्ला महोतरी

**घटना भएको मिति र समयः** २०६९.१२.१४ गते बुधवार (होली पर्वको दिन र दिनको ३.०० बजे)

**घटनाको कारणः** होली खेलीरहेको गैरदलित साह थरको अन्दाजी २५ बर्षको युवा जो मदिरा सेवन गरेका ले मुसहर महिला -मालती देवी सदा २० वर्षिया) लाई शौचालय गर्न खोला जादै गर्दा बाटोमा फोहर अपशब्द बोली जिस्काएको र यस कुराको जानकारी पीडित महिलाले आफ्ना पतिलाई गराउँदा पति लगाएत ५ जना मुसहरहरु कुरा बुझ्न जाँदा साह युवा तथा उसका घरका महिलाहरुले माफि मागी झगडा साम्य भएको थियो । यस क्रममा दुई जना प्रहरी ड्युटीमा खटिएकालाई जानकारी गराउदा झगडा मिलाउन मध्यस्थता गरी छुटाएको थियो । तर केही समयमा गैर दलित साह दोषि केटाले प्रहरीहरुलाई प्रलोभन दिदाँ ड्युटीमा खटिएको प्रहरीले फोन गरी हामीलाई थप सुरक्षाको आवश्यकता भएकोले एक भ्यान प्रहरी पठाउनु भन्दा प्रहरी कार्यालय गौशालाका सई नुरुल हक सिदिकिको नेतृत्वमा ७ जनाको थप टोली त्यस क्षेत्रमा जाँदा वस्ती भित्र गाडी जाने बाटो नभएकोले टोली ईन्चार्ज विस्तारै हिडेर गोरेटो बाटो जाँदै थियो तर ५ जना प्रहरी आफ्ना टोली प्रमुखको निर्देशन नभएता पनि दुगुरेर मुसहर बस्तिमा पुगी घर भित्र प्रवेश गरी महिलाहरुलाई दुर्वव्यवहार गर्दै हातपात गर्‍यो र सर्वसाधारण पुरुषहरु माथि अन्धाधुन्ध लाठी चार्ज गरी १७ जना घाईते हुने गरी कुटेको जसमा दूईजना पुरुषको हाथ भाँचियो, एक जना पुरुषको टाउको फुटायो, दुई जना बालकलाई हाथमा चोट लागेको तथा एक गर्भवति महिलाको पेटमा बुटले हिर्काएका थिए । यस प्रहरी दमनको बिरुद्ध उजुरी गर्न जाँदा उजुरी लिन नमानेका थिए ।

**पीडितहरुको नामावलीः** सबै पीडित गाविस गौशाला वडा नं. २ मुसहर बस्तिका छन् ।

**१.** सुन्दर देवी सदा (२२ वर्षिय महिला) - ४ महिनाको गर्भवतीको पेटमा प्रहरीले बुटले हिर्काएको - अस्पतालमा सलाईन पानी सहित ईलाज गराएका तर हालसम्म पेट दुखाई निको नभएको र ईलाजको खर्च नभई घरमा बसेका छन् ।

२. महेन्द्र सदा (५० वर्षको पुरुष) - देब्रे हाथको हाड भाँचिएको हालसम्म पलास्टर नभएको अवस्था छ । घरमुली र वालबच्चा नभएको र निजको पत्नीलाई पनि कुटपीट गर्दा कम्मर तथा खुट्टामा गम्भिर चोट लागेको ।

३. ईन्दुदेवी सदा (४० बर्षिय महिला तथा महेन्द्र सदाको पत्नी) - प्रहरीको कुटपीटबाट कम्मर तथा खुट्टामा गम्भिर चोट लागेको र हाल हिड्न नसक्ने अवस्थामा ।

४. रामनाथ साह हलुवाई ( ३० वर्ष पुरुष) - देब्रे हाथको बुढी औला भाँचिएको र हाल सम्म प्लासटर नभएको

५. महेन्द्र साह (५० वर्ष पुरुष) - टाउकोमा गम्भिर चोट लागेको

६. रुदल सदा (४० वर्ष पुरुष) - टाउको र खुट्टामा गम्भिर चोट लागेको

७. रामचन्द्र सदा (४५ वर्ष पुरुष) - हाथमा प्रहरीले लट्ठीले हिर्काएको सो हाथ सुनिएको

८. रामकुमार सदा (३५ वर्ष पुरुष) - हाथ र खुट्टामा लाठीले हिर्काउदा चोट लागेको

९. सुकुनी देवी सदा ( ४० वर्ष महिला)- जिउमा चोट लागेको

१०. जमिन्दर सदा (४५ वर्ष पुरुष) - जिउमा निलडाम चोट लागेको

११. ललित सदा (५वर्षको बालक) - हाथमा चोट लागेको

१२. दिपक मुखिया (८ वर्षको बालक)- हाथमा चोट लागेको

१३. बन्ठा सदा (४५ वर्ष पुरुष) - छातिमा चोट लागेको

१४. मोहरलाल सदा (५० वर्ष पुरुष)- जिउमा चो्ट लागेको

१५.अमिनादेवी सदा (३५ वर्ष महिला)- प्रहरीले बन्दुक छातिमा तेर्साएको र हान दिउ राँडी भनेको

१६.लालबाबु अन्सारी -

१७. मालती देवी सदा (२० वर्ष महिला)- सामान्य चोट लागेको

**ज्यादती गरेका प्रहरीहरुको नामावली:**

१. उमेश साह (प्रहरी)

२. प्रविण झा (प्रहरी)

३. अशोक कुमार झा (प्रहरी)

४. दिनेश कुमार महतो (प्रहरी)

५. रामप्रदाथ साह (असई)

टोलीमा संलग्न अन्य प्रहरीहरु तर कुटपिट नगरेका

६. प्रकाश सुनुवार (प्रहरी)

७. नुरुलहक सिदिकि (सई)

८. एक जना ड्राईभर (प्रहरी)

**हालसम्म आन्दोलनको अवस्था:**

- **मिति १५ चैत्र २०६९:** गौशाला वजार बिहान ९ बजे देखी ३ बजे सम्म बन्द गरेको र प्रहरी चौकी घेराउ गरिएको थियो । यसमा ३०० जना स्थानिय दलितहरुको उपस्थति रहेका थिए । जनपदका ईन्सपेक्टर बिदामा

भएकोले सशस्त्र क्याम्पको ईन्सपेक्टर तथा सईको उपस्थीतीमा १६ गते बैठक गर्ने भनी आन्दोलन पीडितहरु द्वारा स्थगन भएको थियो ।

- **मिति १६ चैत्र २०६९:** ५ गाविसका दलितहरु करीव ५०० तथा स्थानिय समाजका २०० जनाको आन्दोलन र थाना घेराउ गरी बार्तामा ईन्सपेक्टर जनपदका जयनारायण यादव, सशस्त्रका इन्सपेकटर बिष्णु अधिकारी तथा स्थानिय पीडितहरु दलितहरु, दलित संघसंस्थाः तराई दलित उत्थान केन्द्र तथा भूमि अधिकार केन्द र राजनैतिक दलका प्रतिनिधिहरु बिच न्याय दिलाउन बैठक भयो । जसमा पुलिसहरुबाट गल्ति भएको वयान तथा ईन्सपेक्टरले स्वीकार गरयो र जनताको माग उनीहरुको जागिरबाट बर्खास्त गर्नुपर्ने माथि छलफल गरी विभागिय कार्वाही गर्ने माईनट गर्‍यो तथा तत्काल पीडितहरुको उपचार प्रहरी कार्यालयले गराउने निर्णयहरु भयो । प्रहरीले प्रदर्शनकारी पीडितहरुबाट गल्ति भएकोमा क्षमा माग्यो । तर विभागिय कार्वाहीको कागजात तथा सुचनाहरु उपलब्ध गराउनु पर्ने माग गर्दा भोली दिने अश्वासनबाट आन्दोलन रोकियो ।
- **मिति १७ चैत्र २०६९:** विहान पीडितहरुले अनुगमन गर्दा दोषि प्रहरीहरुलाई कार्वाहीको कुनै कदम नचालेको तथा संरक्षण गरेको कारण दलित अगुवाहरु न्याय पाउन पून आन्दोलन गर्ने जानकारी गराएको र कुनै उपचार नगराएको । तसर्थ पीडितहरुको उपचारका लागि दलित संघसंस्थाहरु तथा व्यापारीह्‍रुबाट चन्दा संकलन गरीरहेका अवस्था छ ।
- **मिति १८ चैत्र २०६९:** सबै पीडितहरु ईलाजका लागि अंचल अस्पताल जनकपूर गएको र एक जना हाथ भाँचिएको पीडितको अप्रेसन गरी स्टील लगाउनु पर्ने भएकोले खर्च अभावका कारण अलपत्र छन् । राष्ट्रिय मानव अधिकार आयोगका जनकपुर कार्यालयका कोर्डिनेटर बुद्ध सहनी तथा ईन्सेकका महोतरी जिल्लाका कोर्डिनेटर ईश्वरी काफ्लेबाट घटनाको सत्यतथ्य अध्ययन गर्न घटनास्थलमा पीडितहरुसंग सत्यता बुझ्यो । राष्ट्रिय भूमि अधिकार मंचको अध्यक्ष फौडसिंह स्याङ्ग्वा संग पीडितहरु संग भेट पछि आन्दोलनमा एक्यब्द्धता जनाएको । बेलुका ६.३० बजे देखी ७.३० वजे सम्म मसाल जुलूस २०० जना पीडित मुसहर तथा स्थानियवासी र व्यापारीहरुले बजारमा परिक्रमा गरी प्रहरीको ज्यादति विरुद्ध व्यापक प्रदर्शन गरेका थिए ।

**पीडितहरुको फोटोहरुः**



रामनाथ हलुवाई तथा महेन्द्र सदाको हाथ भाँचिएको तर पलास्टर नभएको अवस्था ।



महेन्द्र साहको टाउको फुटेको ।



सुन्दर देवी सदा गर्भवति महिलाको सालाईन पानी गर्नु परयो र हाल पेटमा क्षति भएको तर उपचार खर्चको अभावमा घरमा छन् ।




रामनाथ साह, खर्च अभावमा ४ दिन देखि बिना पलास्टर न्यायको प्रतिक्षामा ।



न्यायका लागि पीडित दलितहरु तराई दलित उत्थान केन्द्र तथा दलित अगुवाहरु संग आग्रह गर्दै आन्दोलनको तैयारीमा ।



आक्रोशित दलितहरु बजार बन्द गराई प्रहरी ज्यादती बिरुद्ध न्यायका बारेका छलफल गर्दै ।



दोषी प्रहरीलाई कार्वाही गराउने सम्बन्धमा ईन्सपेक्टर र दलित अगुवाहरु बिच भएको मिटिंग माईनटको प्रतिलिपि ।